बैठक संख्या: ३/२०८१/०८२
बैठक मिति: २०८१/०७/०१
समय: बिहान ८:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | गुमान सिं विष्ट | सूचना प्रविधि अ. | | |
| ४ | तिलमान पुनमगर | रोजगार संयोजक | | |
| ५. | कामु पुनमगर | का.स. | | |
| ६. | अमान पुन | का.स. | | |
| | | | | |
| | | | | |

तेस्रो कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।

२. विस्तृत स्वास्थ्य परियोजना निर्माण सम्बन्धमा ।

३. मकै प्रवद्धन तथा फलफूल विकास कार्यक्रम क्षेत्र निर्धारण सम्बन्धमा।

४. आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्बन्धमा।

५. बेरोजगार युवाहरुको सूचि तथा योजना छनौट सम्बन्धमा ।

६. पदस्थापना सहमती सम्बन्धमा ।

७. विविध सम्बन्धमा।

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यान्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।०६।१३ गते २ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो । | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | सुनछहरी गाउँपालिकामा रहेको स्वास्थ्य क्षेत्रको समस्याहरुको निराकरण गर्न गाउँपालिकाको विस्तृत स्वास्थ्य परियोजना निर्माण कार्य प्रचलित ऐन तथा नियमावली बमोजिम अघि बढाउने। | स्वास्थ्य शाखा | |
| ३ | चालु आ.व. २०८१।८२ मा कृषि विकास शाखाबाट संचालन हुने तपसिलबमोजिमका कार्यक्रमहरु तपसिलका वडा (स्थान) हरुमा गर्ने।<br>क. मकैबाली प्रवद्धन कार्यक्रम वडा नं. २(भित्रीगाम),३(बाहिरीगाम) र ५(मावाङ्ग)<br>ख. तरकारी खेति कार्यक्रम वडा नं. ४(स्युरी), ५( जैमाकसला) ,६(फगाम) र ७ (जेलवाङ्ग)<br>ग. ओखर/स्याउ पकेट कार्यक्रम १(सेरम), २(भित्रीगाम),३(बाहिरीगाम) , ४(स्युरी) र ७ (जेलवाङ्ग)<br>घ. फलफूल प्रवद्धन कार्यक्रम वडा नं. १(सेरम), २(भित्रीगाम),३(बाहिरीगाम) , ४(स्युरी), ५( कसला) ,६(फगाम) र ७ (जेलवाङ्ग) | कृषि शाखा | |
| ४ | सुनछहरी गाउँपालिकाबाट आ.व. २०८०/८१ मा संचालित वार्षिक योजना तथा कार्यक्रमको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी प्रतिक्रिया लेख्न कार्यालयलाई निर्देशन दिने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | सुनछहरी गाउँपालिका रोजगार सेवा केन्द्रले संकलन गरी तयार गरेको वडा नं.१ मा ९४, वडा नं २ मा ११० जना, वडा नं ३मा ३६४ जना, वडा नं ४ मा १४९ जना, वडा नं ५ मा २०९ जना, वडा नं ६ मा १६० जना, र वडा नं ७ मा ४६३ जना गरी १५४९ जना बेरोजगारहरुको सूची प्रकाशन गर्ने। | रोजगार सेवा केन्द्र | |
| ६ | यस गाउँपालिकामा पदाधिकार रहेका कर्णाली प्रदेशको स्थानीय सेवा गठन तथा संचालन सम्बन्धी ऐन २०८१ दफा १३६ उपदफा २ बमोजिम निवेदन दिएका तपसिल बमोजिमका कर्मचारीहरुलाई हाल कार्यरत रहेकै पालिकामा पदस्थापनाको लागि सहमती प्रदान गर्ने:<br>क. सुनछहरी गाउँपालिकामा लोक सेवा आयोग दाङ्गबाट सिफारिस भई मिति २०७६ पुस ६ गते सहायक पाचौँ (प्रशासन । सामान्य प्रशासन) पदमा नियुक्ति भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७७ मंसिर ३० गतेको निर्णयअनुसार कर्णाली प्रदेशको रुकुम पश्चिम जिल्लाको त्रिवेणी गाउँपालिकामा कामकाजमा खटिनु सहायक पाचौँ (प्रशासन । सामान्य प्रशासन) क.सं. नं. २३५६५० नवराज खड्कालाई हाल कामकाजमै कार्यरत रहेको पालिकामा पदस्थापनाको लागि सहमतीपत्र दिने।<br>ख. सुनछहरी गाउँपालिकामा लोक सेवा आयोग दाङ्गबाट सिफारिस भई मिति २०७६ चैत्र १२ गते असिस्टेन्ट सब ईन्जिनयर(ईन्जिनियरिङ्ग/ सिभिल) पदमा नियुक्ति भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७९ भाद्र २० गतेको निर्णयअनुसार कर्णाली प्रदेशको मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिकामा कामकाजमा खटिनु भएका असिस्टेन्ट सब ईन्जिनियर क.सं. नं. २४०४५८ तिलक बहादुर कार्कीलाई हाल कामकाजमै कार्यरत रहेको पालिकामा पदस्थापनाको लागि सहमतीपत्र दिने। | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७. | विविध कार्यसूची उपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्ने:<br>क) आ.व. २०८१/८२ मा महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट संचालन हुने विनियोजित बजेट शिर्षक दन्द्धपिडित महिलाहरुका लागि सिपविकास तालिम संचालनको लागि दन्द्धपिडित महिला संजालको सुनछहरी गाउँपालिका समिति गठन गर्ने ।<br>ख) जल्जला क्षेत्रको पर्यटन प्रवद्धनको लागि सरोकारवालहरुको छलफल तथा अन्तरक्रिया कार्यक्रम माननीय वर्षमान पुनको प्रमुख उपस्थितिमा हुनेभएकाले सो कार्यक्रमको मिति २०८१ कातिक १२ गते साँझको खाना तथा बास खर्च र कातिक १३ गते बिहानको चिया/नास्ता खर्च व्यवस्थापन सुनछहरी गाउँपालिकाले गर्ने ।<br>ग) सुनछहरी गाउँपालिका वडा नं. ७ को चलपलखोला खानेपानीको मुहान दर्ता गर्ने ।<br>घ) मिति २०८१ असोज १२ गते सुनछहरी गापा वडा नं ७ जेलवाङ्ग निवासी ५० वर्षको अमिल बुढाको भिरबाट लडी मृत्यु भएकाले सुनछहरी गाउँपालिकाको प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०८१ बमोजिम तपसिलको नातेदारलाई रकम उपलब्ध गराउने:<br>१. मृतकको छोरा रामप्रसाद घर्तीमगर सुनछहरी गाउँपालिका वडा नं. ७ रु. २५०००।०० | गाउँकार्यपालिका | |

सुनछहरी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>पाखाङ, रोल्पा<br>२०७३

प्रेम बहादुर घर्ती<br>प्रमुख प्रशासकीय अधिकृत